आजमिति २०७७।०२।०५ गते सोमबारका दिन यस माधव नारायण नगरपालिकाका नगर प्रमुख श्री बीरेन्द्र प्रसाद यादवज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा तपसिल बमोजिमका सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

| क्र.स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री बीरेन्द्र प्रसाद यादव | प्रमुख | |
| २ | श्री सिमल साह | उप प्रमुख | |
| ३ | श्री रणधिर प्रसाद यादव | सदस्य | |
| ४ | श्री हनुमान सहनी मलाह | सदस्य | |
| ५ | श्री राजकुमार राय यादव | सदस्य | |
| ६ | श्री रामदेनी मुखिया | सदस्य | |
| ७ | श्री जमिलकर मंसुरी | सदस्य | |
| ८ | श्री राजीव कुमार यादव | सदस्य | |
| ९ | श्री दिलीप कुमार यादव | सदस्य | |
| १० | श्री जितेन्द्र प्रसाद | सदस्य | |
| ११ | श्री जगरीत सहनी | सदस्य | |
| १२ | श्री दिपेन्द्र कुमार मुखिया | सदस्य | |
| १३ | श्री जनक मण्डल सुडी | सदस्य | |
| १४ | श्री रुप नारायण बैठा धोवी | सदस्य | |
| १५ | श्री बबिता कुमारी पासवान | सदस्य | |
| १६ | श्री गायत्री देवी | सदस्य | |
| १७ | श्री रुनिया देवीबनिया | सदस्य | |
| १८ | श्री नुतन कुमारी | सदस्य | |
| १९ | श्री प्रमिला देवी | सदस्य | |
| २० | श्री प्रलव कायस्थ | सदस्य सचिव | |

Scanned with CamScanner

निर्णयहरु :

निर्णय नं. १ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरस (कोभिड-१९) संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि खटिएका सम्पूर्ण स्वास्थ्यकर्मीहरु तथा यस नगरपालिकामा कार्यरत कार्यालय सहयोगी लखन हजारी तथा ट्र्याक्टर चालक अर्जुन साह बनियालाई चैत्र महिनादेखि लागु हुने गरी प्रति महिना जोखिम/प्रोत्साहन भत्ता वापत तलब स्केलको ११०% (एक सय दश प्रतिशत), ईन्धन बापत रु. १,०००।०० (अक्षरेपी रुपैयाँ एक हजार मात्र) तथा सन्चार खर्च बापत रु. ५००।०० (अक्षरेपी रुपैयाँ पाँच सय मात्र) बराबरको रकम उपलब्ध गराउने निर्णय गरियो । यसका साथै यस नगर कार्यपालिका मातहतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई चैत्र महिनादेखि लागु हुने गरी प्रति महिना जोखिम/प्रोत्साहन भत्ता वापत तलब स्केलको २५% (पच्चिस प्रतिशत) बराबरको रकम उपलब्ध गराउने तथा कोरोना भाईरस (कोभिड-१९)का कारण कुनै कर्मचारी वा स्वास्थ्यकर्मीको मृत्यु भएमा नीजको परिवारलाई यस नगरपालिकाको तर्फबाट एकमुष्ठ रु. ५,००,०००।०० (अक्षरेपी रुपैयाँ पाँच लाख मात्र) सहायता स्वरुप उपलब्ध गराउने तथा नीजका सन्तानलाई उच्च शिक्षासम्म नि:शुल्क अध्ययनका लागि छात्रवृत्ती उपलब्ध गराउने समेत निर्णय गरियो ।

निर्णय नं. २ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरस (कोभिड-१९)को संक्रमणलाई मध्येनजर गर्दै यस नगरपालिकाका सम्पूर्ण निर्वाचित जनप्रतिनिधि, नगर कार्यपालिका तथा मातहतका कार्यालयहरुमा कार्यरत सम्पूर्ण कर्मचारी, सम्पूर्ण स्वास्थ्यकर्मी कर्मचारीहरु (महिला स्वयंसेविका समेत)को कोरोना जीवन बीमा गराउने निर्णय गरियो । यसका साथै रौतहटका पत्रकारहरुको कोरोना बीमा गराईएको निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ :

यस माधव नारायण नगरपालिका क्षेत्रभित्र कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि बिभिन्न कार्यमा खटिएका तथा क्वारेन्टाईन निर्बाध रुपमा सञ्चालनका लागि बिभिन्न कार्यमा खटिएका बेरोजगार व्यक्तिहरुको पारिश्रमिक प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत भुक्तानी दिने तथा नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. ४ :

यस माधव नारायण नगरपालिकाका वडा कार्यालयहरुबाट क्वारेन्टाईन निर्वाध सञ्चालन तथा विभिन्न कार्य गराए बापत वडा अध्यक्षहरुबाट प्रमाणित भई आएका डोर हाजीरी तथा अन्य कागजातहरुको हकमा हालको परिस्थितीमा बेरोजगार व्यक्तिहरुको बैंकमा खाता नखुलिसकेको अवस्थामा हाललाई सम्बन्धित वडा अध्यक्षको नाउँमा भुक्तानी दिने तथा नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

तपसिल

१. वडा नं. २ को रु. ६४,०००।००
२. वडा नं. ३ को रु. १,६१,६००।००
३. वडा नं. ४ को रु. १,२६,०००।००
४. वडा नं. ५ को रु. ८०,०००।००
५. वडा नं. ६ को रु. ५,४४,५०१।००
६. वडा नं. ७ को रु. ७०,०००।००
७. वडा नं. ८ को रु. ६७,२७५।००

निर्णय नं. ५ :

यस माधव नारायण नगरपालिका अन्तर्गत स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तगर्त जिल्ला समन्वय समिति, रौतहट मार्फत यस कार्यालयमा प्राप्त योजनाको ठेक्का भई सम्झौता भईसकेको तथा सो ठेक्काबाट बचत भई जिल्ला समन्वय समिति, रौतहटमा फिर्ता पठाईएको रकमको जिल्ला समन्वय समिति, रौतहट तथा रौतहट क्षेत्र नं. १ का संघिय संसदका माननीय सांसद श्री अनिल कुमार झा ज्यू मार्फत प्राप्त पत्रानुसार तपसिल बमोजीम रकम विनियोजन गरिएकाले सो बमोजीमको योजना सञ्चालन गर्नका लागि उपभोक्ता समिति गठन गरी योजना सञ्चालन गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं | योजनाको विवरण | विनियोजीत रकम रु. | सञ्चालन हुने वडा नं. |
|---|---|---|---|
| १ | गजेन्द्र नारायण सिंह स्मृती अस्पतालको कम्पाउण्ड वाल निर्माण कार्य | ३०,५५,६८६।०० | ३ |
| २ | गजेन्द्र नारायण सिंह स्मृती स्थलको भौतीक पूर्वाधार निर्माण कार्य | ४०,००,०००।०० | ३ |
| ३ | श्री देवी मा. वि. सखुअवाको अधुरो भवन निर्माण तथा भगवती मन्दिर भिठुअवाको संरक्षण कार्य | २०,००,०००।०० | ३ |
| ४ | श्री मा. वि. माधोपुरको अधुरो भवन निर्माण, माधोपुर स्वास्थ्य चौकिको अधुरो भवन निर्माण तथा माधोपुकै अधुरो सूर्य मन्दिरको निमार्ण कार्य | २५,००,०००।०० | ६ |

Scanned with CamScanner

निर्णय नं. ६ :

यस रौतहट जिल्लामा नोभेल कोरोना भाईरस (कोभिड-१९) को संक्रमण तीव्र गतीमा बढ्दै गएको र यसै क्रममा मिति २०७७/०२/०५ गत्ते सोमबारका दिन यस जिल्लामा थप ८ जना सहित यस नगरपालिकामा समेत एक जनामा कोभिड-१९ को संक्रमण पुष्टि भएको सन्दर्भमा कोभिड-१९को संक्रमण अन्यत्र फैलिन नदिन, यसको रोकथाम, नियन्त्रण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि मिति २०७७/०२/२० गत्ते राती १२ बजेसम्म यस नगरपालिका क्षेत्र भरी लागु हुने गरी कडाईका साथ पालना गर्ने गराउने गरी तपसिल बमोजीमका निर्णयहरु गरियो ।

१. यस माधव नारायण नगर कार्यपालिकाको कार्यालय, मातहतका सम्पूर्ण वडा कार्यालयहरु तथा वित्तीय संस्था (बैंक तथा सहकारी संस्था)हरुको सेवा सञ्चालन बन्द गर्ने ।

२. यस माधव नारायण नगरपालिकाका प्रत्येक टोल तथा वडाहरुमा सोही टोल/वडा भित्र वा अन्य टोल/वडाबाट तथा अन्य स्थानीय तह र छिमेकी जिल्लाहरुबाट आवतजावत पूर्ण रुपमा बन्द गर्ने तथा नगरपालिका क्षेत्रभित्रका मठ मन्दिर, चोक तथा अन्य सार्वजनिक स्थलहरुमा हुने गरेको जमघट पूर्ण रुपमा बन्द गर्ने ।

३. स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीले प्रयोग गर्ने बाहेकका सबै प्रकारका सार्वजनीक तथा नीजी सवारी साधन सञ्चालनमा पूर्ण रुपमा रोक लगाउने ।

४. शान्ति सुरक्षा, स्वास्थ्य, खानेपानी, एम्बुलेन्स, दमकल, विद्युत, दुग्ध, औषधी, ईन्धन, सञ्चार, फोहोरमैला व्यवस्थापन जस्ता अत्यावश्यक सेवाहरु बाहेकका अन्य सबै पसल, उद्योग, व्यवसायहरुको सेवा तथा सञ्चालनमा रोक लगाउने तथा दैनिक उपभोग्य वस्तुहरु जस्तै किरानाका सामाग्री, साग सब्जी, तरकारी तथा फलफूल बिक्री गर्ने पसलहरुले सामाजिक दुरी कायम गर्दै भिडभाड नहुने गरी बिहान ७ बजेदेखि ८:३० बजेसम्म तथा बेलुकी ६ बजेदेखि ७ बजेसम्म मात्र सञ्चालन गर्ने ।

५. यस नगरपालिका भित्र वित्तीय समानिकरण अनुदान अन्तर्गत विभिन्न उपभोक्ता समितिहरु मार्फत सञ्चालीत सबै योजना तथा कार्यक्रहरु यथास्थितीमा रोक्का राख्ने ।

६. उपरोक्तानुसारको निर्णयको अवज्ञा गर्ने, अवहेलना गर्ने वा निर्णय पालना गर्ने गराउने कार्यमा बाधा अवरोध पुर्‍याउने व्यक्तिलाई आवश्यकता अनुसार कानुनी कारवाही गर्ने ।

निर्णय नं. ७ :

यस माधव नारायण नगरपालिकाको आ.व. ०७६।०७७ मा राजश्व बाँडफाँड बापतको रकम संघिय तथा प्रदेश सरकार मार्फत प्राप्त नहुने अवस्थामा यस नगरपालिकाको कार्यालयलाई आन्तरिक राजश्वबाट प्राप्त रकम भुक्तानी दिन बाँकि तपसिल बमोजीमका शिर्षकहरुमा विनियोजन गरी खर्च गर्ने तथा तथा नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

Scanned with CamScanner

तपसिल

| क.सं | खर्च शिर्षक | रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २००० | |
| २ | अन्य कार्यालय सञ्चालन खर्च | ७००० | |
| ३ | अन्य सहायता | १००० | |
| ४ | विविध कार्यक्रम खर्च | ५०० | |
| ५ | फर्निचर तथा फिक्सचर्स | २००० | |
| ६ | मेशिनरी तथा औजार | २००० | |

निर्णय नं. ८ :

यस माधव नारायण नगरपालिकाका प्रत्येक टोल तथा वडाहरुमा सोही टोल/वडा भित्र वा अन्य टोल/वडाबाट तथा अन्य स्थानीय तह र छिमेकी जिल्लाहरुबाट आवतजावत पूर्ण रुपमा बन्द गर्ने तथा नगरपालिका क्षेत्रभित्रका मठ मन्दिर, चोक तथा अन्य सार्वजनिक स्थलहरुमा हुने गरेको जमघट पूर्ण रुपमा बन्द गर्ने तथा दैनिक उपभोग्य वस्तुहरु जस्तै किरानाका सामाग्री, साग सब्जी, तरकारी तथा फलफूल बिक्री गर्ने पसलहरुले सामाजिक दुरी कायम गर्दै भिडभाड नहुने गरी बिहान ७ बजेदेखि ८:३० बजेसम्म तथा बेलुकी ६ बजेदेखि ७ बजेसम्म मात्र सञ्चालन गर्ने प्रयोजनका लागि वडा भित्रका ५ जना बेरोजगार व्यक्तिहरुलाई खटाई कडाईकासाथ निगरानी गराउने निर्णय गरियो ।

आज मिति २०७७०२०५ गते बसेको यस माधव नारायण नगर कार्यपालिकाको बैठक यसैका साथ सम्पन्न भएको निर्णय गरियो ।